अनुसूची-२
(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

**भेरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**छिन्चु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०७ संख्याः ०२ मितिः २०८१/०३/३१ गते**

**भाग-१**

**भेरीगंगा नगरपालिका**

## भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८१

भेरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यक्रमका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८१

नगरसभाबाट पारित मिति : २०८१/०३/३०

**प्रस्तावना :**
भेरीगंगा नगरपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यक्रमका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भेरीगंगा नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस ऐनको नाम "भेरीगंगा नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक बर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक बर्ष २०८१/०८२ को निमित्त नगर कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.८०२६६२१५२। (अक्षरुपी असी करोड छब्बीस लाख बैसठ्ठी हजार एक सय बाउन्न रुपैया) मा नबढाई निर्दिष्ट गरी एबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०८१/०८२ को निमित्त भेरीगंगा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर कार्यापालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षक वा एक भन्दा बढि शीर्षकबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजन रकम साँवा भुक्तानी खुद र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालू तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृत लिनुपर्नेछ।

(४) यस ऐन अन्तर्गतको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा आवश्यक पर्ने कार्यविधि, निर्देशिका तथा मापदण्ड कार्यपालिकाले स्वीकृत गरी लागू गर्न सक्नेछ।



भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८१

अनुसूची–१

**(ऐनको दफा २ सँग सम्बन्धित)**

**आय तथा व्ययको प्रक्षेपण**

**आ.व. २०८१/०८२**

**आ.व. २०८१/०८२ को बजेट प्राप्तीको अनुमानित आय विवरण :**

| *मुख्य शीर्षक* | *आ.ब.२०८१/०८२ को बजेट अनुमान रु.* |
|---|---|
| *आय तर्फ :* | |
| ***आन्तरिक राजश्वबाट प्राप्त :*** | |
| *(क) आन्तरिक राजश्व नगरपालिकातर्फ* | ४७८८६७०१ |
| *(ख) आन्तरिक आम्दानी बिबिध (अ.ल्या.)* | ३९३६९१५३ |
| ***जम्मा रु :*** | **८७२५५८५४** |
| ***राजश्व बाँडफाँडबाट प्राप्त आय :*** | |
| *(क) संघीय सरकार* | १३६३००००० |
| *(ख) प्रदेश सरकार (सवारी साधन कर)* | २१४७२९८ |
| ***जम्मा रु :*** | **१३८४४७२९८** |
| ***अन्तरसरकारी बित्तिय हस्तान्तरणबाट प्राप्त आय*** | |
| *(क) संघीय सरकारबाट प्राप्त* | १२७७००००० |
| *(ख) प्रदेश सरकारबाट प्राप्त* | १५०६६००० |
| ***जम्मा रु :*** | **१४२७६६०००** |
| ***अन्य आय :*** | |
| *सशर्त अनुदान (संघीय)* | ३३२१७१००० |
| *सशर्त अनुदान (प्रदेश)* | ५८०२२००० |
| *समपुरक अनुदान (संघीय)* | २८०००००० |
| *समपुरक अनुदान (प्रदेश)* | १००००००० |
| *बिशेष अनुदान (संघीय)* | ० |
| *बिशेष अनुदान (प्रदेश)* | ६०००००० |
| *वन रोयल्टी* | ० |
| ***जम्मा रु :*** | **४३४१९३०००** |
| ***कुल जम्मा रु :*** | **८०२६६२१५२** |

## अनुमानित ब्यय विवरण :

| आ.व. २०८१।०८२ का लागि मुख्य शीर्षक र अनुमानित बजेट | | |
|---|---|---|
| क्र.सं. | मुख्य शीर्षक | बजेट रकम रु. |
| १ | नगरपालिका स्तरिय आयोजनाहरु | १००००००० |
| २ | समपुरक कोष | १७३००००० |
| ३ | नेपाल रेडक्रस सोसाइटी आँखा उपचार केन्द्र छिन्चु | ४००००० |
| ४ | कृषि क्याम्पस रामघाट भवन निर्माण पुरानो भुक्तानी | १०००००० |
| ५ | नगर अस्पताल जहरे जग्गा ब्यबस्थापन | ३०००००० |
| ६ | न्यायिक समिति | ५००००० |
| ७ | अत्यावश्यकीय कार्य | ३००००० |
| ८ | वडागत बजेट | १०००००००० |
| ९ | विषयगत समिति | ५४२००००० |
| १० | नगर विकास कोष | २५००००० |
| ११ | भेरीगंगा नगरपालिका प्रशासनिक भवन | ५०००००० |
| १२ | भेरीगंगा नगरपालिका प्रशासनिक खर्च | १२००००००० |
| १३ | प्रदेश वित्तिय कोषमा जम्मा गर्नुपर्ने | ३०००००० |
| १४ | दलित शसक्तिकरण कार्यक्रम | १२००००० |
| १५ | लक्षित बर्ग कार्यक्रम | ५००००० |
| १६ | वडा कार्यालय भवन निर्माण वडा नं. ३ | १५००००० |
| १७ | वडा कार्यालय भवन निर्माण वडा नं. ७ | १५००००० |
| १८ | उपप्रमुख स्वरोजगार कार्यक्रम | ४०००००० |
| १९ | गरिबसँग नगर प्रमुख कार्यक्रम | १०००००० |
| २० | हर्रे मनिरामकाँडा सडक | १५००००० |
| २१ | आयुर्बेद औषधालय | १५००००० |
| २२ | भूमि ब्यबस्थापन | १०००००० |
| २३ | मैनतडा स्वास्थ्य चौकी अधुरो भवन निर्माण | २०००००० |
| २४ | माथिल्लो भऱ्याङ्ग स्वास्थ्य चौकी अधुरो भवन निर्माण | १०००००० |
| २५ | मैनतडा रंगशाला निर्माण | ५००००० |
| २६ | कार्यपालिका सदस्य योजना | ४०००००० |
| २७ | सशर्त अनुदान (संघीय) | ३३२१७१००० |
| २८ | सशर्त अनुदान (प्रदेश) | ५८०२२००० |
| २९ | समपुरक अनुदान (संघीय) | २८०००००० |





| क्र.सं. | मुख्य शीर्षक | बजेट रकम रु. |
|---|---|---|
| ३० | समपुरक अनुदान (प्रदेश) | १००००००० |
| ३१ | विशेष अनुदान (संघीय) | ० |
| ३२ | विशेष अनुदान (प्रदेश) | ६०००००० |
| ३३ | भुक्तानी दिन बाँकी दायित्व | ३००६९१५२ |
| | **कुल जम्मा रु.** | **८०२६६२१५२** |

नेपालको संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा २,धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित

### संध, प्रदेश र स्थानिय तहको अधिकारको साभा सूची

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |
| ५ | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु |
| ६ | सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | वन, जंगल, वन्यजन्तु, चराचुङगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधिता |
| ८ | खानी तथा खनिज |
| ९ | विपद् व्यवस्थापन |
| १० | सामाजिक सुरक्षा र गरिबी निवारण |
| ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३ | सुकुम्बासी व्यवस्थापन |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५ | सवारी साधन अनुमति |

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित

**स्थानिय तहको अधिकारको सूची**

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम संञ्चालन |
| ४ | स्थानिय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानिय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८ | आधारभूत र माध्यामिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीडा सडक, कृषि सडक, सिंचाई |
| १२ | गाँऊ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गाधनी पूर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक ऊर्जा |
| २० | विपद् व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

**आज्ञाले,**
**कृष्णप्रसाद पोखेल**
प्रमुख प्रशासकीय अधिकृत



भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८१

भेरीगंगा नगरपालिका, छिन्चु सुर्खेत